नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- ६२७

मिति :- वि.सं. २०८३/०३/०९

ने.स. :- ११४६ तछलाथ्व,९ मङ्गलवार

<u>विषयः विज्ञापन एजेन्सी तथा सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना</u>

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २६ को उपदफा (१) मा विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सी तोकिए बमोजिमको विवरण दाखिला गरी बोर्डमा सूचीकृत हुनु पर्ने, उपदफा (२) मा यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन कारोबार गर्ने सञ्चारमाध्यम यो दफा प्रारम्भ भएको मितिले एक वर्ष भित्र उपदफा (१) बमोजिम सूचीकृत हुनु पर्ने भनी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ को उपदफा (४) बाट संशोधन भएको हुँदा सोही संशोधित व्यवस्था तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ४ (क) तथा नियम ११ बमोजिम विज्ञापनको कारोवार गर्ने विज्ञापन एजेन्सी, छापा, विद्युतीय, अनलाइन सञ्चारमाध्यमहरु विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण गर्नु गराउनुहुन अनुरोध छ । सूचीकरण तथा नवीकरण नगरी विज्ञापनको कारोबार गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ। साथै, **<u>आ.व. २०८३/८४ बाट बोर्डमा सूचीकरण तथा नवीकरण नगरी बोर्डले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने पत्रपत्रिकाहरुलाई सो बापतको रकम भुक्तानी नहुने</u>** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचीकरण तथा नवीकरण विज्ञापन बोर्डको वेबसाइट https://ams.adboard.gov.np/#/login मा रहेको अनलाइन दर्ता प्रणाली मार्फत गर्न सकिने व्यहोरा जानकारी गराईन्छ। सूचीकरण तथा नवीकरण प्रक्रियामा कुनै समस्या परे ०१-५९०९२४४/५९०९३४४ सम्पर्क गर्नुहुन तथा बोर्डको फेसबुक पेजमा रहेको ट्युटोरियल/भिडियो समेत हेर्नु हुन बोर्डको मिति २०८३/०३/०८ को निर्णयानुसार अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत